स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गत अहिले समूह चरणका खेलहरु भैरहेका छन्। नेपालले इङ्ल्यान्ड, इटाली र वेस्ट इन्डिजसँगका तीनै खेल हारेपनि मैदानमा नेपाली दर्शक र सेलिब्रेटीको उपस्थिती बाक्लै छ। वानखेडे मैदानमा नेपाली दर्शकको सहभागितालाई लिएर कतिपय भारतीय मिडियाले 'टीयू क्रिकेट ग्राउन्ड' जस्तै भएको भन्दै लेखेका पनि थिए। यस्तोमा, नेपाली क्रिकेटप्रेमीको सहभागिता लोभलाग्दो देखिन्छ।

**आजको विचार...**



चुनावी... (दुई पेजमा)

मेघनाथ दाहाल

अभिनेत्री रेखा थापाले निर्देशनमा चलचित्र 'माया भनेकै यस्तो होला' निर्माण गर्ने घोषणा गरिएको छ। आइतबार महाशिवरात्रिको शुभ अवसर पारेर राजधानीमा आयोजित विशेष कार्यक्रममा औपचारिक निर्माण घोषणा गरिएको हो। चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठसँगै पूर्वमिस नेपालहरु सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाह मुख्य भूमिकामा रहनुहुनेछ।



❒ वर्ष ३१ अंक २०० ❒ २०८२ फागुन ५ गते मंगलबार 17 February 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### मतदाता शिक्षाका लागि स्वयंसेवक

गुल्मी, फागुन ४/ जिल्लामा मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन गरिएको छ । आसन्न प्रतिनिधि सभाको निर्वाचनमा बदर मत कम गर्ने उद्देश्यले शिक्षाका लागि स्वयंसेवक परिचालन गरिएको हो ।

यहाँका दुई नगरपालिका र दश गाउँपालिका गरी १२ स्थानीय तहका ९३ वटै वडामा मतदाता शिक्षाका लागि ९३ जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालय गुल्मीका प्रमुख जिल्ला निर्वाचन अधिकारी ऋषिराम घिमिरेले जानकारी दिए । जिल्ला निर्वाचन अधिकारी घिमिरेका अनुसार मतदाता शिक्षा कार्यक्रममार्फत निर्वाचनमा मतदातालाई सही मतदान गर्ने तरिकासम्बन्धी जानकारी गराउनु हुनेछ । प्रत्येक वडामा एक/एक जना मतदाता शिक्षा स्वयम् सेवक परिचालित भएका छन् । वडामा खटिएका स्वयंसेवकहरुले निर्वाचन प्रक्रिया, मतदान प्रक्रिया, मतदान गर्ने विधि, मत बदर हुने अवस्था र मतदानको महत्वको बारेमा गाउँटोल र घरदैलो गरी मतदाता शिक्षा प्रवर्धन गरिने उनले बताए ।

# सत्यवती बज्यैलाई साक्षी राखेर काँग्रेसले सुरु गऱ्यो चुनावी प्रचार अभियान

## उम्मेदवारले मागे विजयीको वर

**रामचन्द्र रायमाझी**

**पाल्पा,फागुन ४/** नेपाली काँग्रेस पाल्पाले सत्यवती बज्यैलाई साक्षी राखेर चुनावी प्रचार अभियान सुरु गरेको छ । उसले सोमबार पाल्पाको तिनाउ गाउँपालिका -४ कोलडाँडास्थित सत्यवती ताल पुगेर सत्यवती बज्यैलाई साक्षी राख्दै अभियान सुरु गरेको हो ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि फागुन ४ गतेदेखि जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था गरेसँगै काँग्रेसले उम्मेदवारसहित नेता कार्याकर्ताहरुको उपस्थितिमा सत्यवती



बज्यैलाई साक्षी राखेर चुनावी अभियानलाई औपचारिक रुपमा सुरु गरेको छ । अभियानमा नेपाली काँग्रेस पाल्पा क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार हिमादलत्त श्रेष्ठ र क्षेत्र नं. १ का उम्मेदवार सन्दीप रानाले पुजाआजासँगै सत्यवती बज्यैसँग वर मागेका छन् । उनीहरुले फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा आफुहरुसहित काँग्रेसका उम्मेदवारलाई विजयी गराइदिन आग्रह गर्दै वर मागेका हुन् । उनीहरुले सत्यवती बज्यैलाई साक्षी राखेर सत्यवती क्षेत्रसहित जिल्लाको समग्र धार्मिक, साँस्कृतिक र पर्यटकीय क्षेत्रको विकास गर्ने र यहाँका नागरिकलाई रोजगार र उत्पादनसँग जोड्ने अठोट गर्दै आफुहरुलाई विजयीको आर्शिवाद दिन आग्रह गरे । क्षेत्र नं. २ का उम्मेदवार श्रेष्ठले सत्यवती बज्यैको आर्शिवादले आफ्नो परिवारमा ठूलो ब्रदान पाएकाले आफ्नो चुनावी प्रचार अभियानलाई यहीबाटै सुरु गरेको बताए । उनले भने "सत्यवती बज्यैमा ठूलो शक्ति छ, मेरा पाँच दिदी बहिनीहरुले आफु मुनि भाइ नभएपछि यहाँ आएर भाइको जन्म होस् भनेर सत्यवती बज्यैसँगै वर मागेपछि मेरो जन्म भएको हो । त्यसैले यही खुसीयालीमा मैले आफ्नो चुनावी अभियानलाई समेत यहीबाट प्रारम्भ गरेको छु ।" विजयी भएपछि बज्यैसँग गरेका सबै वाचाहरु पुरा गर्ने उनको भनाई छ । श्रेष्ठले जनतासँग गरेका सबै वाचा बज्यैसँगै वर माग्दा गरेको भन्दै विजयी भएपछि पुरा गर्ने अठोट गरे । क्षेत्र नं. १ का उम्मेदवार सन्दीप रानाले पनि सत्यवती बज्यैसँगै विजयीको वर मागे । उनले पाल्पाको आर्थिक समृद्धि , सुशासन र विकासका लागि आफुसहित काँग्रेसका उम्मेदवारहरुलाई विजयी गराइदिन बज्यैसँग वर मागेका छन् । उनले पनि जनतासँग घरदैलोमा पुग्दा गरेका वाचाहरु नै बज्यैलाई सुनाउँदै आर्शिवाद मागेका हुन् । काँग्रेसका नेता कार्यकर्ताहरु उत्साहका साथ उम्मेदवारहरुसँगै सत्यवती ताल पुगेका थिए ।*(... बाँकी अन्तिम पेजमा)*

## निर्वाचनलाई वातावरणमैत्री बनाऔं।

-सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
-निर्वाचन प्रचार-प्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
-निर्वाचन प्रचार-प्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
-निर्वाचन प्रचार-प्रसारमा सभा, जुलस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदुषण न्यून गर्ने उपाय अपनाऔं ।
-निर्वाचन प्रचार-प्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
-निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
-निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
-निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं। हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## टिकारामले बाड्छन् हरेक वर्ष शिवरात्रिको प्रसाद

**पाल्पा,** फागुन ४/जिल्लाको तानसेन नगरपालिका-३ भगवतीटोलस्थित अन्नपूर्ण होटलका सञ्चालक ६५ वर्षीय टिकाराम बस्यालले हरेक वर्ष आउने महाशिवरात्रि पर्वको अवसरमा शिवजीको प्रसाद बाड्ने गर्दछन् । यस वर्षको शिवरात्रिमा समेत उनले बाटोमा हिड्ने यात्रुदेखि शिवालय मन्दिरमा दर्शन गरी फर्कने दर्शानार्थीहरुलाई अन्नपूर्ण होटल परिसरबाट प्रसाद बाँडे ।

बस्यालले एक दश अघिदेखि शिवरात्रिका दिन प्रसाद वितरण गर्दै आएका हुन् । उनले हरेक वर्ष महाशिवरात्रिको अवसरमा शिवको पूजा आराधना गर्नुको साथै प्रसाद वितरणदेखि दिनदुखी र धार्मिक कार्यमा सहयोग समेत गर्दै आएको पाइन्छ । बस्यालले शिवप्रति मनैदेखि श्रद्धा, भाव जागेर आउने गरेको भन्दै शिवजीको प्रसाद सबैलाई ग्रहण गराउने र आवश्यकता अनुसार असशक्त, असहायहरुलाई सहयोग गर्ने गरेको बताउँछन् । उनी



भारतको नयाँ दिल्लीमा रहँदा शिवरात्रिका दिन प्रसाद बाँड्ने गरेको र नेपाल आएपछि आफुले पनि हरेक वर्ष शिवरात्रिकै दिन प्रसाद बाँड्ने परम्पराको थालनी गरेको बताउँछन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना NAWA JANACHETANA NATIONAL DAILY

## सम्पादकीय

# निर्वाचन सबै मिलेर सफल पारौं

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिदै छ । निर्वाचन नजिकिँदै जाँदा देशभर राजनीतिक गर्मी बढेको छ । सोमबारदेखि भने थप निर्वाचनको चहपहल बढेको छ । निर्वाचन आयोगले चुनावी प्रचार प्रसारका लागि अनुमति दिएपछि चुनावको रौनक बढेको पाइन्छ । फागुन ४ गतेदेखि १८ गतेसम्म चुनावी प्रचारप्रसार गर्न पाइने भए पछि राजनीतिक दल र उम्मेदवारहरुले प्रचार प्रसारलाई व्यापक बनाएका छन् । निर्वाचन आयोगले फागुन ३ गते राति १२ बजेदेखि फागुन १८ गते राति १२ बजेसम्म प्रचारप्रसारको समयसीमा कायम राखेको छ । अब उम्मेदवार तथा दलहरूले औपचारिक रूपमा जुलुस, आमसभा, कोणसभा तथा घरदैलो गर्न पाउने छन् । तर आचारसंहिताको भने पूर्ण पालना गर्ननै पर्ने हुन्छ । आयोगले पनि यो समयमा आचरसंहिता बढी उल्लङ्घन हुन सक्ने भएकाले उम्मेदवार र राजनीतिक दलहरुलाई सचेत गराएको छ ।

कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुऱ्याउने, धाक धम्की वा डर त्रास देखाउने, सामाजिक प्रतिष्ठामा आघात पुऱ्याउने, सामाजिक बहिष्कार गर्ने वा सामाजिक बहिष्कार गर्न धम्की दिने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भड्काउने वा प्रतिज्ञा गराउने जस्ता कामहरु यो बेला हुन सक्छन् । यसतर्फ आम नागरिक सबै सचेत हुन आवश्यक छ । यो निर्वाचन सामान्य परिस्थितिमा भएको होइन । भदौ २३ र २४ गते सम्पन्न जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले मुलुकलाई एकाएक नयाँ निर्वाचनतर्फ धकेलेको हो । सुशासन, पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायी शासन प्रणालीको मागसहित उठेको जेनजी आन्दोलनले सत्ता र व्यवस्थाप्रति गम्भीर प्रश्न उठायो । त्यसकै परिणामस्वरूप अहिलेको संक्रमणकालीन अवस्था जन्मिएको हो । यही पृष्ठभूमिमा हुन गइरहेको निर्वाचन केवल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्रलाई पुनः स्थायित्व दिने एउटा निर्णायक अवसर पनि हो । त्यसैले यो निर्वाचनलाई सफल बनाउनु सरकार, राजनीतिक दल, राज्य संयन्त्र, सुरक्षा निकाय र नागरिक सबैको साझा दायित्व हो । नागरिकको सक्रिय सहभागिता, सचेत मतदान र लोकतान्त्रिक आचरणले मात्रै निर्वाचनको सार्थकता पुष्टि हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत बनाउने हो भने अहिलेको निर्वाचनलाई शान्त, निष्पक्ष र विश्वसनीय बनाउनुको विकल्प छैन । त्यसका लागि सबैजना आ–आफ्नो ठाउँबाट जिम्मेवारीका साथ लागौँ ।

## Opinion @ Socia Network

अन्त्यमा खरानी हुनका लागी मानिस जिबनभर एक अर्कासँग कति डाह गर्छन् ।

*(मनिषा आलेको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sagar.Thapa)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चुनावी अर्थशास्त्र : राजनीतिक तथा आर्थिक प्रभाव



## मेघनाथ दाहाल

*निर्वाचन मध्यम वर्गको क्षमताभन्दा बाहिरको विषय बनेको छ । कुनै पनि दलको उम्मेदवार धनी तथा स्रोतसाधन सम्पन्न नभएकोखण्डमा उसले निर्वाचनमा जानु लगभग आफ्नो भएको पैत्रिक तथा आर्जेको सम्पत्तिको स्वाहा पार्नु हो । यो जित्ने वा हार्ने दुवैको हकमा लागू हुने विषय भइसकेको छ । जित्नेले त जसोतसो चित्त बुझाउला तर हार्नेको हकमा भने सबैथोक स्वाहा हुनपुग्छ । निर्वाचन महँगो भएकाले हाम्रो प्रणालीमा सिधासोझा नेता-कार्यकर्ताको सहज अस्तित्व स्वीकार गर्ने पक्षमा कुनै दल तथा राजनीतिक संघसंगठन तयार देखिँदैनन् । सरकारले निर्वाचन प्रयोजनका लागि विनियोजन गरेको ३०/३१ अर्बको बजेटको साथमा उम्मेदवारी दिनेहरूबाट योभन्दा बढी खर्च हुने संभावना छ ।*

फाल्गुण २१ गतेलाई तय भएको प्रतिनिधिसभाको निर्वाचन अर्को चमत्कार नभएकोखण्डमा अब रोकिँदैन । जेन-जीद्वारा भएको भदौ २३ र २४ गतेको विद्रोहपश्चात् सम्माननीय सुशीला कार्कीको अध्यक्षतामा बनेको सरकारको दैनिक प्रशासनिक कामबाहेक पहिलो काम भनेको नै निर्वाचन गराउनु थियो । निर्वाचित संसद्लाई सत्ता सुम्पन आतुर रहेको कुरा सम्माननीय कार्कीले मिडियाहरूमा दिनुभएको अभिव्यक्तिले प्रष्ट्याएको छ । विशेष परिस्थितिमा बनेको सरकार र उसको मुख्य दायित्व नै निर्वाचनको माध्यमले नयाँ निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरेमा राजनीतिक रूपमा मुलुकले नयाँ शिराबाट सोच्नसक्ने वातावरणको निर्माण हुनजान्छ । सरकारको भाषामा अब कुनै पनि बाहानामा निर्वाचन नहुने संभावना देखिँदैन । प्रजातान्त्रिक शासन व्यवस्थामा निर्वाचन राजनीतिक गतिविधिको नियमित क्रमहरूभित्र पर्ने विषय हो । यसका लागि संवैधानिक रूपमा निर्वाचन आयोगको स्थापना संविधानमै व्यवस्था गरिएको छ । निर्वाचन आयोगले प्रत्येक निर्वाचनअगावै निर्वाचन आचारसंहिताको सर्कुलर गरेको पाइन्छ । यसले निर्वाचनसम्बन्धी नियम, कानुन र व्यवस्थालाई सहज बनाउन ठूलो मद्दत गर्छ । तर नेपालजस्तो सामाजिक संरचना र मतदातारु भएको समाजमा भने निर्वाचन आचारसंहिताको पालना यति भएको पाइँदैन । निर्वाचन मध्यम वर्गको क्षमताभन्दा बाहिरको विषय बनेको छ । कुनै पनि दलको उम्मेदवार धनी तथा स्रोतसाधन सम्पन्न नभएकोखण्डमा उसले निर्वाचनमा जानु लगभग आफ्नो भएको पैत्रिक तथा आर्जेको सम्पत्तिको स्वाहा पार्नु हो । यो जित्ने वा हार्ने दुवैको हकमा लागू हुने विषय भइसकेको छ । जित्नेले त जसोतसो चित्त बुझाउला तर हार्नेको हकमा भने सबैथोक स्वाहा हुनपुग्छ । निर्वाचन महँगो भएकाले हाम्रो प्रणालीमा सिधासोझा नेता-कार्यकर्ताको सहज अस्तित्व स्वीकार गर्ने पक्षमा कुनै दल तथा राजनीतिक संघसंगठन तयार देखिँदैनन् । सरकारले निर्वाचन प्रयोजनका लागि विनियोजन गरेको ३०/३१ अर्बको बजेटको साथमा उम्मेदवारी दिनेहरूबाट योभन्दा बढी खर्च हुने संभावना छ । अघिल्ला निर्वाचनहरूले प्रष्ट्याइसकेका छन् । निर्वाचनका लागि आवश्यक सबै सुरक्षा तयारीदेखि प्रशासनिक एवं भैपरी आउने खर्च भएको स्वयं प्रधानमन्त्रीले बताउनुभएको छ । उम्मेदवारका हकमा निर्वाचन आयोगको आचारसंहिताले न्यूनतम् २५ लाखदेखि अधिकतम् ३३ लाखसम्म प्रतिनिर्वाचन क्षेत्रमा खर्च गर्न पाउनेछ । निर्वाचन आयोगले गरेको सूचनामा निर्वाचन क्षेत्रहरूको वर्गीकरणमा काठमाडौंका पाँच निर्वाचन क्षेत्रहरू १,३,६,७ र ८ मा २५ लाख खर्चको सीमा तोकिएको छ । अन्य १७ वटा निर्वाचन क्षेत्रहरूमा २७ लाखको सीमा छ । अन्य ६५ वटा निर्वाचन क्षेत्रहरूमा २९ लाख, ५२ वटा निर्वाचन क्षेत्रहरूमा ३१ लाख र २६ वटा निर्वाचन क्षेत्रहरूमा सबैभन्दा बढी ३३ लाख रकमबराबरको निर्वाचन खर्चको सीमा तोकिएको छ । तर यो रकम अत्यन्तै कम हो । यो कुरा उम्मेदवार मतदाता दल तथा सरकारसमेतलाई राम्रोसँग जानकारी भएको विषय भने हो । नेपालको हकमा संसदीय, स्थानीय दुवै निर्वाचन सबैभन्दा महँगो राजनीतिक गतिविधिमा पर्दछ । यसमा नैतिकता, विश्वास, भरोसा, दल, सिद्धान्त आचारसंहितालगायत सबै कानुनी पक्षको बेवास्ता गरेको तथ्य पुराना निर्वाचनमा लुकेको छैन । अघिल्ला निर्वाचनहरूमा भएको खर्चको केही तथ्यलाई केलाउँदा औसतमा प्रतिनिर्वाचन क्षेत्र प्रतिउम्मेदवार कम्तीमा दुई करोड १३ लाखभन्दा माथिको रकम खर्च भएको देखिन्छ । उक्त रकम सम्बन्धित दल, उम्मेदवार, भौगोलिक क्षेत्र, उम्मेदवारको आर्थिक हैसियत, जनसंख्या, निर्वाचन क्षेत्रका मानिसहरूको सामाजिक आर्थिक अवस्थालगायत अन्य पक्षमा निर्भर छ । नेपाली कांग्रेसका पूर्वसांसद शशांक कोइरालाले २०७९ सालको आमनिर्वाचनमा आफ्नो निर्वाचन क्षेत्रमा ६ करोडमाथि खर्च भएको कुरा इमानदारीताका साथ बाहिर ल्याउनुभएको थियो । धेरै निर्वाचन क्षेत्रमा यो भन्दा माथिको आँकडामा खर्च भएको हुन्छ । विविध कारणले सूचना बाहिर नआउनेमात्र हुन् । निर्वाचमा हुनेखर्चको दायरा मूलधारका राजनीतिक दल र उम्मेदवारहरूको आर्थिक अवस्थाले निर्धारण गरेको पाइन्छ । विगत तीस पैंतीस वर्षको समयमा सत्तामा बसेका र शक्तिको उपयोगमा भरमार समय उपयोग गरेका दलहरूको हैसियत यसैमाथि रहने भयो । उनीहरूको साँठगाँठ उद्यमी, व्यवसायी तथा पैसावालहरूसँग स्वाभाविक रूपमा हुनेभएकाले निर्वाचनताका उनीहरूको खर्च गर्ने क्षमता बढेर जाने हो । सत्ता, शक्तिको उपयोग गर्न नपाएका र कुनै अदृश्य स्रोत नभएका, व्यापारव्यसायमा असंलग्न दल वा उम्मेदवारको आर्थिक हैसियत यसै तल रहने भएकाले खर्च क्षमता कम हुन्छ । एकाध उम्मेदवारबाहेक नेपाली कांग्रेसका धेरैजसो उम्मेदवार धनाढ्य परिवारबाट हुने देखिएकाले उनीहरूको क्षेत्रमा खर्चको बाढी नै आउने संभावना पाइन्छ । विचारणीय पक्ष के छ भने नेपाली कांग्रेसका उम्मेदवारभन्दा एमाले र हालको नेकपालगायत राष्ट्रिय स्वतन्त्र पार्टीका दलहरूसँग सम्बद्ध व्यक्तिहरूले निर्वाचनमा गरेको खर्च उदेकलाग्दो देखिन्छ । एमालेका नेता तथा कार्यकर्ताले विगत तीस वर्षमा सबैभन्दा बढी समय उदारीकरणको नीतिमा रहेर धनार्जन गर्न सफल भएको छन् । खासगरी मेडिकल कलेज, संस्थागत स्कुल तथा कलेजलगायत घरजग्गाको कारोबारमा उनीहरूको लगानी धेरै भएका कारण स्वभाविक धेरै धनार्जन गर्न सफल छन् । अर्थतन्त्रमा गरिएको प्रत्येक इकाइ रकम खर्चको अर्थ रहेको हुन्छ । एक व्यक्तिको खर्च अर्को व्यक्तिको हकमा आम्दानीमा परिणत हुने हो । लगभग चुनावी अर्थतन्त्र चार खर्बको अनुमान गर्न सकिन्छ । मुलुकभर भएका उम्मेदवारको संख्या ३,४८४ देखिन्छ । यदि एउटा व्यक्तिले १ करोड २५ लाख औसतमा खर्च गर्ने हो भने चुनावी अर्थतन्त्रको झकारी ४ खर्ब ३५ अर्बको हुन आउँछ । अलावा सरकारले गर्ने भनेर विनियोजन गरेको ३१ अर्बको समेत हिसाबले यो रकम साँढे चार खर्बभन्दा माथि जान्छ । भैपरि आउने खर्च राजनीतिक दल र सरकार दुवैको लगभग ५० अर्ब राखिदिने हो भने चुनावी बजेट ५ खर्बको हुनजान्छ । सबै दलहरू तथा उम्मेदवार उत्तिकै आर्थिक हैसियतका नभएकाले १ खर्ब कम गर्दा आगामी आमनिर्वाचनको कुल बजेट चार खर्बको हुनजान्छ । यसले सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउँछ । केहीहदसम्म रोजगार सिर्जना तथा आयआर्जनमा सहयोगी हुन्छ । यस खर्च गराइले कालान्तरमा राजनीति, चुनाव, समाज तथा नेतृत्वमा समाजको तल्लो वर्गको पकड हराएर जान्छ । समाजको अति धनी वर्गको मात्र राजनीतिमा पकड जम्दा भुँइमान्छेको बारेमा निर्णय गर्न सक्दैन र राजनीति निहीत थोरै धनाढ्य व्यक्तितहरूको मुठ्ठीमा रहने सम्भावना रहन्छ । यसरी गरिएको खर्चको रकम कसरी जोहो भएको हो ? कुन शीर्षकमा भएको भन्ने विषयले अर्थ राख्दछ । समान्यतया आमनिर्वाचनमा हुने खर्चमा यातायात, पर्चापम्प्लेट, सभा, ऱ्यालीलगायतमा धेरै देखिन्छ । तर आम्दानीको स्रोत भने आजका दिनसम्म स्पष्ट कुनै पनि दल तथा स्वतन्त्र उम्मेदवारले देखाउन सकेका छैनन् । नेपालको हकमा आमनिर्वाचनको नाममा गैरकानुनी रकम भित्रिन सक्ने प्रसस्त बाटा नभएका होइनन् । भारतसँग १५ सयभन्दा बढी किमिको खुला सिमाना, गैरसरकारी संस्थाको नाममा सयौं संस्थामार्फत युरोप तथा अमेरिकालगायत पश्चिमी मुलुकबाट उत्तिकै संभावना छ । उत्तरी छिमेकी मित्र चीनको पनि पछिल्लो समय नेपालको राजनीतिक घट्नाप्रतिको चासो बढेर गएकाले स्रोत भित्रिने संभावना छ । त्यसैगरी धर्म, च्यारिटी, चुनाव, आर्थिक, गैरआर्थिक जस्ता धेरैका नाम गरेर अवैध रकम भित्रिने संभावना रहेकाले सरकारलगायत वित्तीय क्षेत्रका नियामक निकायले सजगता अपनाउनुपर्दछ । अनियन्त्रित रूपमा भित्रिने प्रत्येक रकम कुनै न कुनै रूपमा मुलुक तथा समाजको हकमा घातकसिद्ध हुनसक्ने भएकाले समयमै होस् पुऱ्याउनु बुद्धिमानी ठहर्छ । दलहरूले सम्बन्धित उम्मेदवार-कार्यकर्तालाई स्पष्ट निर्देशन तथा नीतिनियममा बाँधन सकेमा निर्वाचनको निष्पक्षतामाथि कुनै आँच आउने थिएन । ***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५९९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। मेहनतले लक्ष्यमा पुग्न सकिनेछ। | **तुला** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । |
| **वृष** : कामको जग बसाउन सफल भइनेछ। पुरुषार्थी काम सम्पादन हुनेछ। | **वृश्चिक** : मित्रसँग भेटघाट हुनेछ । साथै सफल यात्राका योगपनि देखिन्छन् । |
| **मिथुन** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर बढ्नेछ । | **धनु** : नजिकको व्यक्तिबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्न पाइनेछ । |
| **कर्कट** : शुभचिन्तक वा जीवनसाथीको सहयोगले रोकिएको कार्य सम्पादन हुनेछ। | **मकर** : गरेका कामबाट राम्रै लाभ हुने छ । दैनिक कार्यहरूमा प्रगति नै हुनेछ । |
| **सिंह** : मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । आँटिको र ताकेको कार्य पुरा होला । |
| **कन्या** : जोश, जाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । | **मीन** : साझेदारी व्यापारमा लाभ र हनेछ।आफन्तहरूबाट सहयोग पाइनेछ। |

## विज्ञान/सूचना प्रविधि

# 'महाप्रलय' : एआईको तीव्र विकास र बढ्दो जोखिम



पछिल्ला केही महिनाहरूमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) गलत कारणहरूले गर्दा चर्चामा छ । मानिसहरूलाई ठग्न 'डिपफेक' को प्रयोग, साइबर आक्रमणका लागि एआई प्रणालीको दुरुपयोग र च्याटबोटहरूले आत्महत्याका लागि उक्साउने जस्ता घटनाहरू यसमा सामेल छन् । अहिले विज्ञहरूले नै प्रविधि नियन्त्रण बाहिर जाँदै गरेको चेतावनी दिन थालेका छन् । विश्वका प्रमुख एआई कम्पनीहरूमा कार्यरत अनुसन्धानकर्ताहरूले हालैका हप्ताहरूमा जागिर छोड्दै, तीव्र गतिमा भइरहेको प्राविधिक विकासले समाजमा जोखिम निम्त्याइरहेको भन्दै सार्वजनिक रूपमै खतराको घण्टी बजाएका छन् ।

एआईको अत्यधिक विकासले मानवजातिको अस्तित्वलाई नै खतरामा पार्न सक्ने 'प्रलयको सिद्धान्त' लामो समयदेखि चर्चामा छ । आलोचकहरूका अनुसार 'आर्टिफिसियल जनरल इन्टेलिजेन्स' (एजीआई), जसले मानिसले जस्तै सोच्न र काम गर्न सक्छ, को विकासले भविष्यमा मानवजातिलाई नै सखाप पार्न सक्छ । एआईमा अर्बौंको लगानी भइरहँदा, यसलाई सुरक्षित बनाउने जिम्मेवारी पाएका व्यक्तिहरूले नै राजीनामा दिनुले यसलाई कसरी नियमन गर्ने र विकासको गतिलाई कसरी सन्तुलित गर्ने भन्ने बहसलाई थप पेचिलो बनाएको छ ।

> माइक्रोसफ्ट एआईका सीईओ मुस्तफा सुलेमानका अनुसार वकिल, लेखापाल, प्रोजेक्ट म्यानेजर वा मार्केटिङ जस्ता 'ह्वाइट कलर' जागिरहरू आगामी १२ देखि १८ महिनाभित्र पूर्ण रूपमा एआईद्वारा सञ्चालित हुन सक्छन् । वास्तविक घटनाहरू र जोखिम हालैका महिनाहरूमा एआईको नकारात्मक प्रयोगका घटनाहरू बढेका छन् । २०२४ मा बेलायतमा एक किशोरले 'गेम अफ थ्रोन्स' को पात्रमा आधारित च्याटबोटको उक्साहटमा आत्महत्या गरे।

**के एआई वास्तवमै खतरनाक छ ?**

अमेरिकास्थित सेन्टर फर एआई सेफ्टी (सीएआईएस) की रणनीतिक सल्लाहकार लिभ बोरी भन्छिन्, 'एआई आफैमा खराब वा असल भन्ने हुँदैन । तर यसको असीमित शक्तिसँगै असीमित जोखिम पनि आउँछ, विशेषगरी जुन गतिमा यसको विकास र प्रयोग भइरहेको छ ।' बोरीले एआईलाई बायो-टेक्नोलोजीसँग तुलना गरेकी छन्। जसरी बायो-टेक्नोलोजीले जीवन बचाउने औषधि बनाउन सक्छ, त्यसरी नै खतरनाक भाइरसहरू बनाउन यसको दुरुपयोग पनि हुन सक्छ । उनी भन्छिन्, 'यदि एआईको विकास समाजले पचाउन र अभ्यस्त हुन सक्ने गतिमा भएको भए हामी सुरक्षित बाटोमा हुने थियौँ ।'

**विज्ञहरूले किन जागिर छोड्दैछन् ?**

हालै 'एन्थ्रोपिक' कम्पनीका एआई सुरक्षा अनुसन्धानकर्ता मृनांक शर्माले राजीनामा दिए । फेब्रुअरी ९ मा सामाजिक सञ्जाल 'एक्स' मा लेख्दै उनले भने, 'हाम्रा मूल्यमान्यताले हाम्रा कामहरूलाई निर्देशित गर्न कति गाह्रो छ भन्ने पटक-पटक देखेर मैले राजीनामा दिएँ ।' उनले एआईको विकास मानिसको नियन्त्रणभन्दा छिटो भइरहेको र विश्व संकटमा पर्न सक्ने चेतावनी दिएका छन् । त्यस्तै, 'ओपनएआई' की सुरक्षा अनुसन्धानकर्ता जो हिजिगले पनि च्याटजीपीटीमा विज्ञापन परीक्षण गर्ने कम्पनीको निर्णयप्रति असहमति जनाउँदै राजीनामा दिइन् । उनले भनिन्, 'मानिसहरू च्याटबोटलाई आफ्ना स्वास्थ्य समस्या, सम्बन्ध र विश्वासका कुराहरू सुनाउँछन् । यस्तो अवस्थामा विज्ञापन देखाउनु भनेको प्रयोगकर्तालाई प्रभावित गर्नु हो ।' एलन मस्कको कम्पनी 'एक्सएआई' बाट पनि सह-संस्थापक र कर्मचारीहरू बाहिरिएका छन् । यसको कारण स्पष्ट नभए पनि उनीहरूको च्याटबोट 'ग्रोक' ले महिलाहरूको नक्कली अश्लील तस्बिर बनाएको र जातिवादी टिप्पणी गरेको विषय विवादमा आएको थियो ।

**के हामी डराउनुपर्ने अवस्था छ ?**

हाइपरराइटका सीईओ म्याट शुमरले २०२५ मा एआई प्रविधि यति छिटो विकास भयो कि यसले आफैँ उत्कृष्ट लेखन र सफ्टवेयर बनाउन सक्ने क्षमता राख्ने भइसकेको बताएका छन्। उनले भने, 'यी सामान्य सुधार होइनन्, यो नितान्त फरक कुरा हो ।' 'मिला क्युबेक एआई इन्स्टिच्युट' का वैज्ञानिक निर्देशक योशुआ बेन्गियोका अनुसार, साइबर आक्रमण र खतरनाक भाइरस बनाउने जस्ता सैद्धान्तिक जोखिमहरू गत वर्ष नै यथार्थमा परिणत भइसकेका छन्। मानिसहरू एआई च्याटबोटहरूसँग भावनात्मक रूपमा नजिक हुँदा मनोवैज्ञानिक समस्याहरू पनि देखा पर्न थालेका छन् ।

**के एआईले हाम्रो जागिर खोस्दैछ ?**

एआईको विकाससँगै मानिसले गर्ने जटिल कामहरू मेसिनले गर्न थालेपछि रोजगारी गुम्ने चिन्ता बढेको छ । 'एआई सेफ्टी रिपोर्ट' का अनुसार विकसित देशहरूमा करिब ६० प्रतिशत र विकासशील देशहरूमा ४० प्रतिशत रोजगारी एआईका कारण जोखिममा पर्न सक्छन् । माइक्रोसफ्ट एआईका सीईओ मुस्तफा सुलेमानका अनुसार वकिल, लेखापाल, प्रोजेक्ट म्यानेजर वा मार्केटिङ जस्ता 'ह्वाइट कलर' जागिरहरू आगामी १२ देखि १८ महिनाभित्र पूर्ण रूपमा एआईद्वारा सञ्चालित हुन सक्छन् । पत्रकारिता क्षेत्रमा पनि यसको गम्भीर असर परेको छ, जसलाई मिडिया उद्यमी मर्सी अबाङ्ले 'महाप्रलय' को संज्ञा दिएकी छन् । वास्तविक घटनाहरू र जोखिम हालैका महिनाहरूमा एआईको नकारात्मक प्रयोगका घटनाहरू बढेका छन् । २०२४ मा बेलायतमा एक किशोरले 'गेम अफ थ्रोन्स' को पात्रमा आधारित च्याटबोटको उक्साहटमा आत्महत्या गरे। त्यस्तै, देशहरूले साइबर आक्रमण र जासुसीका लागि एआईको प्रयोग गरिरहेका छन् । इजरायलले गाजामा प्यालेस्टिनीहरूलाई ट्र्याक गर्न र निशाना बनाउन एआई हतियारको प्रयोग गरेको छ, जहाँ विगत दुई वर्षमा ७२,००० भन्दा बढी प्यालेस्टिनी मारिएका छन् ।

**सुरक्षा र नियमनको अभाव**

एआई कम्पनीहरूले जोखिम न्यूनीकरणको प्रयास गरे पनि नियमनको गति विकासको तुलनामा निकै सुस्त छ । विज्ञहरूका अनुसार एआई कम्पनीहरू 'ब्रेक' र 'स्टियरिङ' बिनाको गाडीमा केवल 'एक्सीलेटर' थिचिरहेका छन् । सरकारहरूले यसलाई गम्भीरतापूर्वक लिएर नियमनका लागि कडा नीतिहरू बनाउनुपर्ने विज्ञहरूको सुझाव छ । जलवायु परिवर्तनका लागि जसरी विश्व एक ठाउँमा उभियो, एआईको जोखिम नियन्त्रण गर्न पनि त्यस्तै पहलको आवश्यकता रहेको औंल्याइएको छ ।

*-रातोपाटी डटकम*

# दुई अक्षरको डोमेन नाम ९ अर्ब रुपैयाँमा बिक्री




सन् १९९३ मा १० वर्षका एक मलेसियाली बालकले दुई अक्षरको एउटा डोमेन नाम किन्छन् । त्यसबेला त्यो डोमेन नेमको मूल्य करिब १५०० नेपाली रुपैयाँ थियो । तर, अहिले त्यही डोमेन इन्टरनेट इतिहासकै सबैभन्दा महँगो मूल्यमा बिक्री भएको छ । एआई डटकम नामक उक्त डोमेन नाम ७० मिलियन अमेरिकी डलर अर्थात् ९ अर्ब नेपाली रुपैयाँभन्दा बढी मूल्यमा मा बिक्री भएसँगै यो इन्टरनेट जगतको सबैभन्दा महँगो सार्वजनिक किनबेच बनेको छ । समाचार अनुसार इस्माइलले सन् १९९३ मा करिब १५ सय नेपाली रुपैयाँ बराबरको रकममा खरिद गरेको ब्क्ष.अफ लाई उनले दशकौंसम्म सुरक्षित राखे । अन्ततः उनले उक्त डोमेनलाई विश्वकै सबैभन्दा ठूलो क्रिप्टो प्लेटफर्म ऋचथउतय।अफ का संस्थापक तथा सीईओ क्रिस मार्सजलेकलाई कीर्तिमानी मूल्यमा बेचेका हुन् । यद्यपि १० वर्षको बालकले सन् १९९३ मा एआई डटकम नामक डोमेन किनेको कुरालाई कतिपयले 'डिजिटल मिथक'का रूपमा पनि हेरेका छन् । तर, अहिले उक्त डोमेनको बिक्री मूल्यले भने विश्वभर हलचल मच्चाएको छ । एआई डटकम नामको डोमेनले इन्टरनेट जगतमा सबैभन्दा महँगो डोमेनको कीर्तिमान कायम गरेको छ । ७० मिलियन अमेरिकी डलरको उक्त सम्झौतालाई सार्वजनिक रूपमा खुलासा गरिएको डोमेन बिक्रीमध्ये सबैभन्दा महँगो सम्झौता मानिएको छ । यसअघि ऋबचक्ष्लकगचबलअभ।अफ डोमेन करिब ४९.७ मिलियन डलरमा बिक्री भएको थियो । क्रिफ्टो डटकम र क्रिस मार्सजलेकको कहानी स्मरण रहोस् एक क्रिप्टोकरेन्सी विनिमय तथा वालेट प्लेटफर्म हो । यस कम्पनीको मुख्यालय सिंगापुरमा छ । विश्वभर यसका करोडौं प्रयोगकर्ताहरू छन् र यसले क्रिप्टो ट्रेडिङ, लगानी, DeFi, NFT मार्केटप्लेस र भुक्तानी सेवाहरू प्रदान गर्दछ । क्रिस मार्सजलेक क्रिप्टो डटकम कम्पनीका सह-संस्थापक हुन्। उनलाई क्रिप्टो जगतका अग्रणी तथा सफल चाल चाल्ने व्यापारिक नेताका रूपमा चिनिन्छ। क्रिप्टो डटकमले केही वर्ष पहिले अमेरिकाको लसएन्जल्सस्थित स्टेपल्स सेन्टरको नाम परिवर्तन गरेर क्रिप्टो डटकम एरिना राखेको थियो । उक्त सम्झौतालाई विश्वमा सबैभन्दा महंगो खेलकुद रंगशाला नामाकरण सम्झौता मानिन्छ । एआई डटकम डोमेन खरिद गर्नुको मुख्य कारण विभिन्न रिपोर्टहरूका अनुसार, क्रिसले गतवर्ष अप्रिल २०२५ मा यो डोमेन खरिद गरेका थिए । यो सम्झौता पूर्ण रूपमा क्रिप्टोकरेन्सी मार्फत गरिएको थियो । यस्ता दुई अक्षरका डोमेन नामहरू, जुन सीधा एआई जस्तो लोकप्रिय प्रविधिसँग जोडिएका हुन्छन्, तिनीहरू सहज रुपमा बिक्रीका लागि उपलब्ध हुँदैनन् । यही कारणले गर्दा यो नाम क्रिप्टो र एआर दुवै उद्योगका लागि अत्यन्तै मूल्यवान बनेको हो । क्रिसको योजना केवल डोमेन किनेर त्यसलाई होल्ड गर्ने मात्र होइन । उनी यस डोमेनलाई एउटा नयाँ एआई प्लेटफर्म सार्वजनिक गर्ने आधार बनाउन चाहन्छन् । अहिले एआई डटकम वेबसाइट चालु अवस्थामा छ र मानिसहरूले त्यहाँ गएर आफ्नो युजरनेम बनाउन सक्छन् । अर्थात् एआर डटकमको इमेल आईडी बनाउने विकल्प देखिन थालेको छ । क्रिस र उनको टोली एआई डटकम मार्फत एक उपभोक्ताकेन्द्रित एआई प्लेटफर्म तयार पार्ने योजनामा छ । यसलाई प्रयोगकर्ताहरूले 'एआई एजेन्ट' को रूपमा प्रयोग गर्न सक्नेछन् । यी एजेन्टहरूले आफै धेरै कार्यहरू गर्न सक्नेछन् । जसमा मेसेज पठाउने, एपहरू बीच अन्तरक्रिया गर्ने र स्टक ट्रेडिङमा मद्दत गर्ने लगायतका हुनेछन् । यस प्लेटफर्मको मुख्य उद्देश्य प्राविधिक ज्ञान नभएका सामान्य मानिसहरूले पनि सिधै एआई उपकरणहरू प्रयोग गर्न सकुन् भन्ने हो। केही रिपोर्टहरूका अनुसार, यो प्लेटफर्मले प्रयोगकर्ताहरूलाई ६० सेकेन्ड भन्दा कम समयमा आफ्नै एआई एजेन्ट बनाउने सुविधा दिनेछ । मोनाको देखि क्रिप्टो डटकम सम्म क्रिप्टो डटकमको सुरुवात सन् २०१६ मा मोनाको नामबाट भएको थियो । जसलाई पछि परिवर्तन गरेर ऋचथउतय।अफ राखिएको हो । हाल यो कम्पनीले लाखौं प्रयोगकर्ताहरूलाई ट्रेडिङ, डेरिभेटिभ्स, ल्ँत मार्केटप्लेस, वालेट र कार्ड सेवाहरू प्रदान गरिरहेको छ । कम्पनीका सिइओ क्रिस मार्सजलेकको एआई डटकम खरिद गर्ने निर्णयलाई बजारमा उनको अर्को एउटा ठूलो 'मार्केटिङ मुभ' को रूपमा हेरिएको छ ।

*-अनलाइन खबर डटकम*

# कति सुरक्षित छ अन्तरिक्षमा बच्चा जन्माउन ?

अन्तरिक्ष अब अन्वेषण मिसन र वैज्ञानिक प्रयोग मात्र सीमित रहेन । विस्तारै यो नियमित कार्यस्थलमा परिणत हुँदै गइरहेको छ । व्यावसायिक अन्तरिक्ष यात्रा विस्तार हुँदै गएपछि र मिसनहरू लामो समयसम्म रहन थालेपछि पहिले सैद्धान्तिक ठानिएका प्रश्नहरू अहिले व्यावहारिक चिन्तामा बदलिइरहेका छन् । सहायक प्रजनन प्रविधिहरू ( एआरटी)जस्तै स्वचालित आईभीएफ र क्रायोप्रिजर्भेशन (अण्डा वा भ्रूणको संरक्षण)मा भएका प्रगतिहरूले पृथ्वी बाहिर प्रजननको सम्भावनालाई अब बेवास्ता गर्न नसकिने विषय बनाइसकेको छ । अन्तरिक्षमा प्रजनन स्वास्थ्य चाँडै वास्तविक चुनौती बन्न सक्ने नयाँ अन्तर्राष्ट्रिय अध्ययनले चेतावनी दिएको छ । अध्ययन अनुसार १९६९ को चन्द्रमामा पहिलो मानव अवतरण र आईभीएफमा भएको क्रान्तिकारी प्रगति अप्रत्याशित तरिकाले सम्बन्धित छन् । अन्तर्राष्ट्रिय आईभीएफ इनिसिएटिभ इंकका क्लिनिकल एम्ब्रियोलोजिस्ट गाइल्स पामर भन्छन्, 'हामीले अहिलेको अवस्थामा पृथ्वी बाहिर प्रजननसम्बन्धी जोखिमलाई व्यवस्थित गर्न कुनै उद्योग मानकहरू बनाएका छैनौं । विकिरणले प्रजनन क्षमतामा पुऱ्याउने क्षति वा मिसनका दौरान अनियोजित गर्भधारण यसमा समावेश छन् ।' यो प्रतिवेदन रिप्रडक्टिभ बायोमेडिशिन अनलाइनमा प्रकाशित छ । यसमा प्रजनन स्वास्थ्य, अन्तरिक्ष चिकित्सा, र जैव-नैतिकतामा विशेषज्ञता हासिल गरेका नौ विशेषज्ञहरूले काम गरेका छन् । यस अध्ययनको मुख्य उद्देश्य अन्तरिक्षमा बच्चा जन्माउने प्रोत्साहन गर्नु होइन, बरु यसो गर्दा हुन सक्ने अपूरणीय क्षति हुनुअघि नीति र वैज्ञानिक क्षेत्रमा व्याप्त खाडलहरूलाई उजागर गर्नु हो । स्पेस शटल युगका महिला अन्तरिक्षयात्रीको गर्भधारण दर पृथ्वीमा महिलाहरूको दरसँग मिल्दोजुल्दो थियो । तर अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा लामो समय बस्ने वा मंगल ग्रहका लागि योजना बनाइएका मिसनहरूले नयाँ परीक्षण विधि र रोकथाम रणनीतिहरू आवश्यक बनाउँछन् । भविष्यका मिसनहरूमा प्रजनन स्वास्थ्य र जैविक जोखिमहरूको व्यवस्थापनका लागि अवैध वा आकस्मिक गर्भधारणजस्ता घटनालाई रोक्न ठोस नीति बनाउनु अति आवश्यक रहेको अध्ययनका लेखकहरू भन्छन् । लामो समयसम्म अन्तरिक्षमा बस्दा पुरुष र महिला दुवैको प्रजनन प्रणालीमा नकारात्मक असर पर्न सक्छ भन्ने कुरा अनुसन्धानले देखाएको छ । ब्रह्माण्डीय विकिरण, गुरुत्वाकर्षण, सर्काडियन लय गडबडी, र शारीरिक तथा मानसिक तनाव जिम्मेवार हुन सक्छन् । यद्यपि अनुसन्धानले छोटो मिसनहरूले प्रजनन स्वास्थ्यमा उल्लेखनीय प्रभाव पार्दैन भन्ने कुरालाई यसले हाइलाइट गरेको छ । यद्यपि अन्तरिक्षमा मानव सभ्यता स्थापना गर्ने कुरा आउँदा, नतिजा अझै अस्पष्ट छन् । वैज्ञानिकहरूसँग अझै पनि अन्तरिक्षमा बच्चा जन्माउनु कति सुरक्षित छ भन्ने जवाफ छैन ।

*-एजेन्सी*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु




**पाल्पा,** फागुन ४/देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रौतहट, बारा, डडेलधुरा, सिराहा, सप्तरीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको हो ।

रौतहटको कटहरिया नगरपालिका-१ रगेदी चोकमा मोटरसाइकलको ठक्करबाट एक जना पैदलयात्रीको मृत्यु भएको छ । बीआर ०५ एडी ८२७६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-१ बस्ने ७० वर्षीय मंगल दासको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको एलएस न्यूरो अस्पताल परवानीपुरमा थप उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै बाराको कलैया उपमहानगरपालिका-१६ उत्तर भिटकैयास्थित सडकमा ट्याक्टर र मोटरसाइकल एकआपसमा ठक्करबाट एक जनाको मृत्यु भएको छ । प्र.२-०३-००१ त ३८६ नम्बरको ट्याक्टर र प्र.२-०२-०२२ प ५१०४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही उपमहानगरपालिका-१२ धर्मनगर बस्ने २५ वर्षीय उपेन्द्र मण्डलको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य २ जनाको एलएस न्यूरो अस्पताल परवानीपुरमा उपचार भइरहेको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै सिराहाको सिरहा नगरपालिका-१ स्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । औरहीबाट सिराहातर्फ जाँदै गरेको म.प्र ०१-००५ प ६८८९ नम्बरको मोटरसाइकल अनियन्त्रि भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-३ मखनाहा बस्ने २१ वर्षीय मुरली दासको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो अस्पताल जनकपुर धनुषामा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक र मोटरसाइकलमा सवार अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै सप्तरीको राजबिराज नगरपालिका-११ भल्ही नहरस्थित सडकमा सवारी साधनको ठक्करबाट साइकलयात्री मृत्यु भएको छ । हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ४५ वर्षीय महिनारायण शर्माको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको विराटनगरस्थित अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । हाल फरार सवारी साधन र चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै,डडेलधुराको अजयमेरू गाउँपालिका-२ बसनास्थित सडकमा सु.प.प्र.०१-००२ त ७४२८ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टरमा सवार कञ्चनपुर कृष्णपुर नगरपालिका-२ बाणी बस्ने २० वर्षीय सन्दिप चौधरीको घट्नास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार मध्ये २ जनाको डडेल्धुरा अस्पताल डडेल्धुरामा उपचार भइरहेको छ भने १ जनालाई थप उपचारको लागि धनगढी रिफर गरिएको छ ।

## खेलकुद समाचार

### टी-२० विश्वकपमा भारतले पाकिस्तानलाई ६१ रनले हरायो



**काठमाडौं,** फागुन ४/आईसीसी पुरुष टी-२० विश्वकपको समूह 'ए' अन्तर्गतको बहुप्रतीक्षित खेलमा भारतले पाकिस्तानलाई ६१ रनले हराएको छ । श्रीलंकाको कोलम्बोमा रहेको आर प्रेमदासा स्टेडियममा आइतबार टस हारेर पहिले ब्याटिङको निम्तो पाएको भारतले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ७५ रन बनायो । भारतका लागि ओपनर इशान किशनले आक्रामक ब्याटिङ गर्दै मात्र ४० बलमा ७७ रनको उत्कृष्ट इनिङ्स खेले । उनले आफ्नो इनिङ्समा १० चौका र ३ छक्का प्रहार गरे । यस्तै, कप्तान सूर्यकुमार यादवले ३२ रन तथा तिलक वर्माले २५ रनको योगदान दिए । पाकिस्तानका लागि बलिङतर्फ साइम अयुबले ४ ओभरमा २५ रन खर्चेर ३ विकेट लिए । १ सय ७६ रनको लक्ष्य पछ्याएको पाकिस्तानको शुरूवात निकै खराब रह्यो । भारतीय बलरहरूको बलिङसामु पाकिस्तानका ब्याटरहरू क्रिजमा टिक्न सकेनन् र पूरै टोली १७ ओभर ५ बलमा १ सय १४ रनमै अलआउट भयो । भारतलाई जीत दिलाउन जसप्रित बुमराह, वरुण चक्रवर्ती, अक्षर पटेल र हार्दिक पाण्ड्याले समान २-२ विकेट लिए भने कुलदीप यादव र तिलक वर्माले पनि १-१ विकेट लिए । ७७ रन बनाएका भारतीय ओपनर इशान किशन प्लेयर अफ द म्याच घोषित भए । यस जीतसँगै भारतले प्रतियोगिताको 'सुपर ८' चरणमा आफ्नो स्थान सुरक्षित गरेको छ । यसैगरी, आईसीसी विश्वकपअन्तर्गत हिजै अमेरिकाले नामिबियालाई ३१ रनले पराजित गरेको छ । भारतको चेन्नईमा भएको खेलमा अमेरिकाले दिएको २०० रनको लक्ष्य पछ्याएको नामिबिया ६ विकेट गुमाउदै १६८ रनमा समेटियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो



**काठमाडौं,** फागुन ४/ फागुन महिना सुरु भएपछिको पहिलो दिन खुलेको सेयर बजार सूचक घटेको छ । गत साता बिहीबार करिब ८ अंक बढेको नेपाल स्टक एक्स्चेन्ज (नेप्से) सूचक सोही अनुपातमा घटेको हो ।

गत साता आइतबारदेखि बुधबारसम्म नेप्से निरन्तर घटेको नेप्से बिहीबार ८ दशमलव ९७ अंकले बढेर २ हजार ६ सय ७१ द्मशमलव ०७ विन्दुमा बन्द भएको थियो । आइतबार सार्वजनिक बिदा भएकाले सेयर बजार बन्द थियो । सोमबार खुलेको बजारमा गत बिहीबारको वृद्धिले निरन्तरता पाउन सकेन । परिणामत: सोमबार नेप्से ८ दशमलव १६ अंकले घटेको छ । अघिल्लो दिनको तुलनामा ० दशमलव ३० प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ६ सय ६२ दशमलव ९१ अंकमा ओर्लेर बन्द भएको छ । सो दिन कारोबारमा आएकामध्ये ८६ कम्पनीको सेयर मूल्य बढ्यो, १६३ कम्पनीको मूल्य घट्यो । बाँकी ९ कम्पनीको स्थिर रफयो । सोमबार कुल ८० हजार ५ सय ५९ पटकको सेयर कारोबारमा १ करोड ९६ लाख १६ हजार ३ सय ९५ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ७ अर्ब ९४ करोड २७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो कारोबार दिनको तुलनामा कारोबार रकम घटेको हो । गत बिहीबार सेयर बजारमा ११ अर्ब १० करोड २५ लाख रुपैयाा बराबरको कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ उपसमूहमध्ये वित्त कम्पनी, होटेल तथा पर्यटन र उत्पादन तथा प्रशोधनको परिसूचक सामान्य सकारात्मक रहे । तर, बाँकी सबै उपसमूहको परिसूचक घटेपछि समग्र नेप्सेमा गिरावट भएको हो ।

# सत्यवती बज्यैलाई...

... सत्यवतीको पुजा गरेपछि चुनावी अभियान प्रारम्भलाई सम्बोधन गर्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिंहले कांग्रेसलाई बहुमतले जिताउनुपर्ने आवश्यकता औंल्याउँदै गगन थापालाई प्रधानमन्त्री बनाउन पाल्पाबाट हिमालदत्त श्रेष्ठ र सन्दीप रानाको जीत अनिवार्य रहेको बताए । उनले नेपाली कांग्रेस देशकै अभिभावक पार्टी भएकाले मुलुकका हरेक समस्यालाई मर्यादित रूपमा समाधान गर्ने बताए । कांग्रेस कमजोर हुँदा देश नै कमजोर हुने भन्दै उनले प्रजातन्त्रमा विश्वास राख्ने सबै नागरिकलाई कांग्रेसमा आबद्ध भएर देशको सेवा गर्न आग्रह गरे । निर्वाचन परिचालन समिति पाल्पाका संयोजक तथा लुम्बिनी प्रदेश सांसद विरबहादुर रानाले मुलुकको स्थायित्वको लागि काँग्रेसको विकल्प नरहेको समेत बताए । काँग्रेसले युवालाई अगाडि सार्ने नीतिअनुसार गगन थापालाई युवा नेताको रूपमा अगाडि बढाएको र भावी प्रधानमन्त्री बनाउने योजनाका साथ अघि बढेको उनले उल्लेख गरे ।" पार्टीको नेतृत्व अब युवाको काँधमा पुगेकाले आम मतदाताले एक पटक कांग्रेसलाई विश्वास गर्न जरुरी छ", रानाले भने । अहिले पाल्पाका दुवै क्षेत्रमा काँग्रेसका उर्जाशिल युवाहरुलाई काँग्रेसले उम्मेदवार बनाएकाले गाउँ गाउँका मदतादाहरुमा उत्साह छाएको उनले बताए । कार्यक्रममा नेपाली काँग्रेस पाल्पा कार्यवाहक सभापति भपेन्द्र गहिरे, काँग्रेसका पूर्व केन्द्रीय सदस्य हरी प्रसाद नेपाल, काँग्रेस क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, काँग्रेस तिनाउ गाउँपालिकाका सभापति प्रेम पाण्डे लगायतले देशलाई संकटबाट बचाउन काँग्रेसलाई जिताउन मतदातासँग आग्रह गरे । काँग्रेसले जितेमा युवाहरूलाई स्वदेशमै अवसर सिर्जना गरी विदेशमा पाइने सुविधा र सम्मान यहीं उपलब्ध गराउन सक्ने, नेपालमा पर्यटन, कृषि र जलविद्युतको क्षेत्रमा छिट्टै फड्को मार्दै शिक्षा, स्वास्थ्य, पर्यटन, उद्यमशीलता र पूर्वाधार विकास हुनेमा उनीहरुले जोड दिए । नेपाली काँग्रेस तिनाउ गाउँपालिका -४ का वडा सभापति देव सिंह दर्लामीको अध्यक्षता, पूर्व वडा सभापति दानबहादुर गाहाको स्वागत, महिला नेतृ रिमा सुनारको सञ्चालनमा कार्यक्रम भएको थियो । काँग्रेसले सोमबार नै क्षेत्र नं १ को कोल्डाँडा र २ को कचलमा पुगेर मतदातालाई भेटेका छन् ।

# टिकारामले बाड्छन्...

...बस्यालले भने "म पहिले दिल्लीमा हुँदा त्यहाँ शिवजीको प्रसाद बाँड्ने गरेको देखेको थिएँ । मलाई शिवप्रति मनैदेखि अत्यन्त श्रद्धा जागेर आउन्छ, शिवको पुजा पनि गर्छु । म नेपाल आएपछि हरेक वर्ष घरमै र अहिले होटलमा प्रसाद बाँड्ने गरेको छु ।" बस्यालले शिवरात्रिका दिन पूजा, प्रसाद वितरण मात्र हैन विभिन्न शिवालय मन्दिर र आश्रममा पुगेर आर्थिक, खाद्यान्न समेत सहयोग गरे । उनले बराङ्दीमा रहेको नारायणडाँडा शिवालय मन्दिरमा पुजा गर्दै आएका पुजारीका लागि तलव र पोशाक समेत दिदैं आएका छन् । बस्याललाई प्रसाद वितरणमा श्रीमति उमादेवी बस्याल बस्यालले समेत साथ दिदै आएकी छन् । प्रसाद ग्रहण गर्न पुग्नेहरु उत्साहित हुँदै बस्याल परिवारलाई धन्यवाद दिदै फर्कने गरेका थिए ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई